# REGIONAL NEWS UNIT

# ALL INDIA RADIO_GANGTOK

# NEPALI LANGUAGE BULLETIN

## BROADCAST: 06. 40. PM.
## DATE:17.05.2012

एनएफएचएस -३

२००५-२००६ सालको राष्ट्रीय परिवार स्वास्थ्य सर्वेक्षण -३ अनुसार सिक्किममा पाँच वर्ष मुनिका कम वजनका नानीहरूको संख्या देशभरिमा सबैभन्दा कम्ती उन्नाइस दशमलउ सात प्रतिशत छ। जबकि राष्ट्रीय औसत ४२.५ प्रतिशत छ। केन्द्रीय महिला तथा बाल विकास मंत्री श्रीमती कृष्णा तीरथले राज्यसभामा आज यस्तो आशयको जानकारी दिनु भएको हो। यसैबीच समन्वित शिशु विकास योजना सम्बन्धमा वहाँले भन्नुभयो - २०११-१२ सालमा सिक्किमका लागि दुइवटा अलग अलग मदमा लगभग पाँच करोड़ चौंसठी लाख रूपियाँ र लगभग सात करोड़ बहत्तर लाख रूपियाँ जारी गरिएको छ।

पदम रीजनल

प्रदेश भारतीय जनता पार्टीका अध्यक्ष श्री पदम बहादुर छेत्रीले राज्यका केही राष्ट्रीय पार्टीका नेताहरूको, चुनावको कुरा आँउदा सिक्किमका मानिसहरूले राष्ट्रीय पार्टीलाई होइन तर क्षेत्रीय पार्टीलाई रूचाउँछन् भन्ने भनाइलाई कड़ा रूपमा अस्वीकार गर्नु भएको छ। गान्तोकमा आज पत्रकारहरूले सोधेका प्रशनहरूको प्रत्युत्तरमा वहाँले आशंका व्यक्त गर्दै भन्नुभयो। यो यी नेताहरूको मानिसहरूका निम्ति काम नगरिएको आफ्नो कमीलाई छोप्ने बहाना हुन सक्छ। श्री छेत्रीले जोड़ दिंदै भन्नुभयो हाम्रो जस्तो सम्वेदनशील सीमानाका मानिसहरूको राष्ट्रीय मूलधारामा समग्र एकीकरणका निम्ति राष्ट्रीय पार्टीहरू आवश्यक छन्। लोकसभामा हिजो शून्यकालमा गान्तोक दूरदर्शनको कामकाज सम्बन्धी मामेलाको उठान गरिएकोमा गुजरातको बड़ोदाका भारतीय जनता पार्टी सदस्य श्री बालकृष्ण शुक्लाप्रति आभार प्रकट गर्दै प्रदेश बीजेपीका अध्यक्षले, आफूले प्रतिनिधित्व गर्ने राज्यका मानिसहरूको हितको साटो कथित रूपमा आफ्नो रूची - अरूची अनुसार मामेलाहरू उठाइएकोमा सिक्किममा लोकसभा सदस्य श्री पी.डी राईको आलोचना गर्नुभयो। श्री छेत्रीले, आफ्नो उत्तरमा गान्तोक दुरदर्शन केन्द्र कार्यशील छ भन्ने केन्द्रीय सूचना तथा प्रसारण राज्य मंत्रीको बयानको विरोध गर्नुभएको छ र यस केन्द्रको कामकाज बारे पूर्ण जाँचको मांग गर्नुभएको छ।

## सिक्किम कार्निभल

राज्यको पर्यटन तथा नागरिक उड्डयन विभागको तत्वावधानमा आयोजित पाँच दिने लामो बसन्त महोत्सव गत मंगलबार सम्पन्न भयो। गान्तोकको एम.जी.मार्गमा आयोजित समापन समारोहका मुख्य अतिथि पर्यटन मंत्री श्री भीम ढुंगेल हुनुहुन्थ्यो। आफ्नो वक्तव्यमा वहाँले भन्नुभयो - प्राकृतिक सम्पदा, जैव विविधता, संस्कृति, कला र पारम्परिक खानपानको संरक्षण गरी सिक्किम राज्यलाई विश्वकै उत्कृष्ट पर्यटक गन्तब्य स्थल बनाउने राज्य सरकारको लक्ष्य छ। सरकारले जिम्मेवार पर्यटनलाई उच्च प्राथमिकता दिएको कुरो बताउँदै मंत्रीले भन्नुभयो जिम्मेवारीपूर्वक काम गरिएको हुनाले राज्यलाई हालै पर्यटनको क्षेत्रमा तीनवटा उत्कृष्ट पुरस्कार हासिल भएको छ। क्षेत्रफल अनुसार सानो राज्य भए तापनि जैव विविधताको क्षेत्र विश्वकै आदर्श स्थल रहेको जानकारी दिंदै श्री ढुंगेलले मानिसहरूसित यसको संरक्षण गर्नमा सरकारलाई सहायता गर्ने आग्रह गर्नुभयो। गत शुक्रबार गान्तोकको पाल्जोर स्टेडियममा मुख्य मंत्री श्री पवन चामलिङले उद्घाटन गर्नुभएको उत्सव अन्तर्गत पाँचै दिन एम.जी.मार्गमा भव्य सांस्कृतिक तथा सांगीतिक कार्यक्रम आयोजित भयो। राज्य व्यापी उत्सवमा राजधानी गान्तोक बाहेक अन्य जिल्लामा विविध सांस्कृतिक, सांगीतिक, साहसिक खेलकुद जातीय परम्परा, खानपानको प्रदर्शन साथै अन्य गतिविधीहरूको आयोजना गरिएको थियो। यसैबीच उत्तर जिल्लाको मंगनमा आयोजित उत्सवको समापन समारोहलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै विद्युत मंत्री श्री सोनाम ग्याछो लेप्चाले भन्नुभयो - उत्तर जिल्ला, पर्यटनका निम्ति प्रमुख स्थल हुनसक्छ र यसका लागि पर्यटनको एक भागको रूपमा संस्कृति तथा परम्परालाई समावेश गर्नुपर्छ। वहाँले जिल्लाका मानिसहरूसित पर्यटनको क्षेत्रमा संलग्न रहने अपील गर्नु भयो र भन्नुभयो - यो आयको श्रोत हुनका साथै यसद्वारा जीवन स्तरमा सुधार आउन सक्छ। सांस्कृतिक कार्यक्रम बाहेक चट्टान चढ्ने प्रदर्शनी, पुष्प प्रदर्शनी तथा बिक्री, फोटो प्रदर्शनी र खाद्य उत्सव समारोहका अन्य आकर्षण थिए। पछि मंत्रीले सहभागीहरूलाई पुरस्कार प्रदान गर्नुभयो।

## सीहिराप

सिक्किम हिमाली राज्य परिषद पार्टीले, राज्य सरकारमाथि गुणस्तरीय शिक्षाको परिकल्पनालाई उल्लंघन गरेको आरोप लगाएको छ। शैक्षिक सत्रको मध्यतिर कथित रूपले शिक्षक शिक्षिकाहरूको स्थानान्तरण गरिएको आरोप लगाउँदै पार्टीले भनेको छ यसो हुँदा विद्यार्थीहरूलाई प्रतिकूल असर पर्न गइरहेछ। एउटा प्रेस विज्ञप्तीमा सिहिरापले, सरकारद्वारा शिक्षक शिक्षिकाहरूको पारिवारिक समस्यामाथि ध्यान नदिएको भनी दोषारोपण गरेको छ।

## इण्डियन ओलम्पिक आर्चरी

भारतीय ओलम्पिक धनुर्धरहरूको टोलीले लण्डन ओलम्पिक खेलको तयारी गान्तोकमा गर्ने भएको छ। प्राप्त जानकारी अनुसार भारतीय धनुकाँड़ संघले सिक्किम धनुकाँड़ संघसित लण्डन अनुकूल मौसम भएको हुनाले प्रशिक्षण शिविर गान्तोकमा राख्ने आग्रह गरेको छ। भारतका धनुकाँड़ खेलाड़ीहरूको दलमा तीन जना प्रशिक्षकहरू बाहेक तरूणदीप राई र अन्य खेलाड़ीहरू सामेल छन्। यसैबीच सिक्किम धनुकाँड़ संघले, यसैबीच सैंतिसौं राज्य दिवसको अवसरमा धनुर्धरहरू तरूणदीप राई र चुण्डा शेर्पालाई सिक्किम खेल सम्मान प्रदान गरिएकोमा बधाई दिएको छ। संघले, टर्कीमा हालै आयोजित प्रतियोगितामा रजत पदक हासिल गरेकोमा पनि श्री तरूणदीप राईलाई बधाई दिएको छ।